कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१
चलानी नं :- ४३८९

मितिः २०८०।१२।२०

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू
टोखा नगरपालिका ।

**विषय : २.५ महिने निः शुल्क कम्प्युटर तालिम कार्यक्रममा सहभागिता सम्बन्धमा**

यस नगरपालिकाको वार्षिक नगर विकास योजनाको क्र.सं. ११६ मा रहेको शिक्षा र सिपलाई एकीकृत गर्ने कार्यक्रम अन्तर्गत वडा नं ११ बाहेक टोखा नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयबाट २०८० सालको SEE परीक्षामा सहभागी विद्यार्थीहरुमध्ये तोकिएका सङ्ख्या अनुसारका विद्यार्थीलाई तोकिएका विषयमध्ये २ विषयमा निः शुल्क २.५ - महिने कम्प्युटर तालिममा देहाय अनुसार सहभागी गराइने भएकोले सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१. वडा नं ११ का विद्यालयहरुबाट छुट्टै संस्थामार्फत तोकिए बमोजिम सङ्ख्यामा सहभागी गराइने छ ।
२. छनोट भएका विद्यार्थीलाई स्काई भिजन फाउन्डेसन प्रा.लि. गँगबू चोक, काठमाडौं (कम्प्युटर तालिम केन्द्र) मा २०८१ बैशाख २ गतेदेखि हुने निःशुल्क रूपमा तालिममा सहभागी गराइने छ ।
३. विद्यालयद्वारा इच्छुक विद्यार्थीहरूको निवेदन सङ्कलन गरी निम्न क्रमका आधारमा छनोट गर्नुपर्ने छ ।
   क. विद्यार्थी टोखा नगरपालिकामा जन्मदर्ता भई स्थायी बसोबास भएका
   ख. अभिभावक टोखा नगरपालिकाको मतदाता नामावलीमा समावेश भएका
   ग. आर्थिक रूपमा कमजोर भएको भनी वडाबाट सिफारिस भएका
   घ. दलित/जनजाति/महिला
४. विद्यालयले शैक्षिक तथ्यांक IEMIS विवरणमा समावेश भएका विद्यार्थीहरुलाई सूचना गरी यसैसाथ संलग्न फारम अनुसार २०८० चैत्र २७ भित्र निवेदन लिई तोकिएको सङ्ख्यामा विद्यार्थी छनोट गर्नेछ ।
५. छनोट भएका विद्यार्थीले कम्तीमा प्रतिदिन २ घण्टा तोकिएको समयमा नियमित रुपले बढीमा २.५ महिनासम्म उपस्थित हुनुपर्ने छ । सम्बन्धित संस्थाबाट समय थप गरेमा सोही अनुसार उपस्थित हुनुपर्ने छ ।
६. सहभागी छनोट गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयका प्रधानाध्यापकको हुने छ ।
७. विद्यालयगत सहभागी कोटा सङ्ख्या निम्नानुसार रहनेछ । वडा नं ११ बाहेक विद्यालयमा निवेदन दिने विद्यार्थी कोटा सङ्ख्या भन्दा बढी भएमा यस ५० प्रतिशतसम्म वैकल्पिक विद्यालयको योग्यताक्रम तोकी नाम समावेश गर्नुपर्ने छ । तोकिएको विद्यालयबाट सहभागी रिक्त भएमा वैकल्पिक सूचीबाट सहभागी छनोट गरिने छ । (दशमलव पाँच वा ०.५ भन्दा बढी भए १ जना थप हुने)
   क. सामुदायिक विद्यालयबाट SEE मा सहभागीमध्ये २० प्रतिशतले हुन आउने सङ्ख्या
   ख. संस्थागत विद्यालयबाट SEE मा सहभागीमध्ये १० प्रतिशतले हुन आउने सङ्ख्या

शाखा प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा
टोखा नगरपालिका

पुनश्चः यस कार्यक्रमको कार्यान्वयनमा कुनै समस्या भएमा सम्पर्क व्यक्ति श्री सुनिल भट्टराई (9856051009) वा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

Tokha Municipality
Office of the Municipality
Maijubiti, Kathmandu
Bagmati Province, Nepal

## टोखा नगरपालिकाद्वारा सञ्चालित

## २.५ महिने नि:शुल्क कम्प्युटर तालिम कार्यक्रमको सहभागी फारम, २०८०

टोखा नगरपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयबाट २०८० को SEE परीक्षामा सहभागी विद्यार्थीहरुको लागि नि:शुल्क २.५- महिने कम्प्युटर तालिममा सहभागी हुन चाहने विद्यार्थीहरुको लागि आवेदन फारम :

**कार्यक्रमको नाम : शिक्षा र सिपलाई एकीकृत गर्ने कार्यक्रम**

फोटो

विद्यार्थीको नाम थर : ..........................................................................................

जन्म मिति :........................ कक्षा:................................ रोल नं. .........................

सम्पर्क मोबाइल नं.: .................................................................. धर्म: ...................................................

स्थायी ठेगाना:...................................................... जाति :.............................

अस्थायी ठेगाना :.................................................. लिङ्ग : ..............................

बुबाको नाम थर : ................................................. सम्पर्क नं. :............................

आमाको नाम थर :................................................ सम्पर्क नं. :.............................

विद्यालयको नाम :................................................ ठेगाना :..................................

तालिमका विषय : (दुईओटा विषय मात्र छनौट गर्नुपर्नेछ)

- Digital Marketing — 60 hours
- Office Package and Computer Operator — 60 hours
- Graphic Designing — 60 hours
- Cyber Security/AI — 60 hours
- Web Designing/IT Package — 60 hours
- Computer and mobile hardware and maintenances — 60 hours
- Electrical and electronics repair and maintenance — 60 hours

संलग्न गर्नुपर्ने कागजातहरू

1. SEE परीक्षाको प्रवेश पत्रको प्रतिलिपि
2. स्थायी बसोबास खुल्ने कागजातहरु (जन्मदर्ता/अभिभावकको नागरिकता वा मतदाता परिचयपत्रको प्रतिलिपि)
3. अस्थायी बसोबास भए खुल्ने कागजातहरू

हस्ताक्षर ....................................

सिफारिस गर्ने प्रधानाध्यापकको नामः ........................

सिफारिस गर्ने विद्यालय: ...........................

....................................

विद्यार्थीको हस्ताक्षर :

मिति: .........................